# स्थानीय राजपत्र

**पाख्रीबास नगरपालिका द्वारा प्रकाशित**

**वर्ष- ३, सङ्ख्या-१७, मिति : २०७७/०९/२८**

**भाग-१**

## पाख्रीबास नगर शिक्षा नियमावली, २०७७

नगर कार्यपालिकाबाट पारित मिति : २०७७।०९।२८

प्रमाणीकरण मिति : २०७७।०९।२८

राष्ट्रिय बिकास तथा पाख्रीबास नगरपालिकाको समग्र बिकासका लागि आबश्यक जनशक्ति तयार गर्न, सर्बसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न र यस नगरपालिकामा स्थापना भई संचालनमा रहेका तथा स्थापना हुने विद्यालयहरुको व्यबस्थापनमा सुधार गर्दै गुणस्तरयुक्त विद्यालय शिक्षाको विकास गर्न वाञ्छनीय भएकाले **पाख्रीबास नगर शिक्षा ऐन, २०७७** को दफा ५४ ले दिएको अधिकार प्रयोग गरी पाख्रीबास नगर शिक्षा नियमावली, २०७७ जारी गरेको छ ।

(६) उपनियम (१) अनुसार गठित समितिको बैठक भत्ता नगरपालिकाको नर्म्स अनुसार हुनेछ ।

(७) उपनियम(२) अनुसारको विषय विज्ञको पारिश्रमिक नगर शिक्षा समितिले निर्धारण गरे अनुसार हुनेछ ।

**५३. करारमा शिक्षक तथा कर्मचारी छनोट र नियुक्ति सम्बन्धी व्यवस्था:**

(१) स्वीकृत दरवन्दीमा स्थायी शिक्षक तथा कर्मचारी नियुक्ति हुन नसकी तत्काल करारमा शिक्षक तथा कर्मचारी नियुक्ति गर्नु पर्ने भएमा वा नगरपालिकाको स्रोतबाट सिर्जना गरिएको दरबन्दीमा शिक्षक तथा कर्मचारी नियुक्ति गर्नु परेमा नगरपालिका भित्रका सामुदायिक विद्यालयहरूको रिक्त दरबन्दी एकिन गरी शिक्षक तथा कर्मचारी छनोट समितिले कम्तीमा पन्ध्र दिनको सूचना दैनिक पत्रिका र नगरपालिकाको वेवसाइटमा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम शिक्षक पदमा नियुक्त हुन निवेदन दिने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणपत्र निवेदन साथ पेश गर्नु पर्नेछ । शिक्षक तथा कर्मचारीको योग्यता शिक्षक सेवा आयोगले तोके अनुसार हुनेछ ।

(३) शिक्षक कर्मचारी छनोट समितिले यस नियम बमोजिम करारमा शिक्षक तथा कर्मचारी छनोट गर्दा सूचिकृत विज्ञ मार्फत शिक्षक सेवा आयोगले निर्धारण गरेको सबै प्रक्रिया पूरा गरी सम्बन्धित विद्यालयमा नियुक्तिको लागि सिफारिश गर्नु पर्नेछ ।

(४) उपनियम (३) अनुसार शिक्षक तथा कर्मचारी छनोट समितिले सिफारिश गरेको उम्मेद्वारलाई स्थायी शिक्षकको पद पूर्ति भएमा स्वत: अवकास हुने गरी एक पटकमा अधिकतम एक वर्षका लागि करारमा विद्यालयले नियुक्ति गरी नगरपालिकाको शिक्षा शाखा र शिक्षा विकास तथा समन्वय इकाइमा जानकारी दिनु पर्नेछ । तर एक वर्ष सम्म पनि स्थायी शिक्षकको पदपूर्ति नभएमा विद्यालय व्यवस्थापन समितिले निर्णय गरी पुन: म्याद थप गर्न सक्नेछ । यसरी म्याद थप गर्दा एक पटकमा एक वर्ष भन्दा बढी नहुने गरी थप गरी

सोको जानकारी नगरपालिकाको शिक्षा शाखा र शिक्षा विकास तथा समन्वय इकाइमा दिनु पर्नेछ ।

(५) यस नियम बमोजिम शिक्षक तथा कर्मचारी छनोट समितिले बाल विकास केन्द्रको सहयोगी कार्यकर्ता र विद्यालयको कर्मचारी छनोट गर्ने अधिकार विद्यालय व्यवस्थापन समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(६) उपनियम (५) अनुसार अधिकार प्रत्यायोजन भएको र विद्यालयले आफ्नै स्रोतमा शिक्षक तथा कर्मचारी नियुक्ति गर्दा विद्यालय व्यवस्थापन समितिले तोके अनुसारको समिति गठन गरी नगर शिक्षक तथा कर्मचारी छनोट समितिले अवलम्बन गर्ने प्रक्रिया पूरा गरेर छनोट गर्नु पर्नेछ ।

**५४. शिक्षक सरुवा सम्बन्धी व्यवस्था :**

(१) शिक्षक वा कर्मचारीलाई दरबन्दी रिक्त नरहेको वा दरवन्दी नभएको विद्यालयमा नियुक्ति वा सरुवा गर्नु हुँदैन ।

(२) अनुसूची-११ मा उलिखित विषयको शिक्षक नरहेको विद्यालयमा अर्को विषयको शिक्षक नियुक्ति वा सरुवा गर्नु हुँदैन । तर दरबन्दी सहित सरुवा भएको अवस्था यो उपदफाले बाधा पुऱ्याएको मानिने छैन ।

(३) उपनियम (१) वा (२) विपरीत कसैले कुनै शिक्षक वा कर्मचारी नियुक्ति वा सरुवा गरेमा त्यस्तो शिक्षक वा कर्मचारीको लागि तलब भत्ता वापत खर्च भएको रकम त्यसरी नियुक्ति वा सरुवा गर्ने अधिकारीबाट असुल उपर गरी त्यस्तो अधिकारीलाई विभागीय कारबाही गरिनेछ ।

(४) नगरपालिका भित्रको कुनै विद्यालयमा कार्यरत शिक्षकले अनुसूचि -१२ बमोजिमको ढाँचामा सरुवाको निवेदन दिएमा विद्यालयमा रहेको समान विषय र तहको दरबन्दीमा नगर शिक्षा समितिको निर्णयानुसार नगर शिक्षा अधिकारीले सरुवा गर्नेछ ।

(५) सामान्यत: शिक्षकको सरुवा प्रत्येक शैक्षिक सत्रको पहिलो र अन्तिम महिनामा मात्र गरिनेछ ।

तर देहायको अवस्थामा शिक्षकको सरुवा जुनसुकै समयमा पनि गर्न सकिने छः

(क) तोकिएको जिम्मेवारी समयभित्र पूरा नगरेको भनी सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णय सहित प्रधानाध्यापकबाट सिफारिश भएमा,

(ख) एउटा विद्यालयमा आवश्यकता भन्दा बढी एकै विषयको शिक्षक भएमा विषय मिलान गर्न सरुवा गर्न परेमा

(ग) दरबन्दी मिलान गर्ने क्रममा तोकिएको मापदण्ड भन्दा बढी शिक्षक भइ अन्य विद्यालयमा सरुवा गर्न परेमा,

(घ) नैतिक आचरण तथा निजको व्यक्तिगत अनुशासन लगायतका कारणबाट कुनै शिक्षकलाई सो विद्यालयमा राखिरहँदा विद्यालयको शैक्षिक वातावरण खलबलिएको वा खललिन सक्ने व्यहोरा सर्मन्धित वडा समिति, विद्यालय व्यवस्थापन समिति, निरीक्षकबाट सिफारिश भइ आएमा,

(ङ) कुनै शिक्षक उत्कृष्ट नतिजा ल्याउन सफल रहेको वा विशेष दक्षताका साथ सेवा प्रवाह गरेको अवस्थामा उक्त सेवालाई अन्य विद्यालयमा उपयोग गर्न आवश्यक देखिएमा,

(च) पती पत्नी दुवै शिक्षक रहेको अवस्थामा सकभर एकै वडाभित्रका नजिकका विद्यालयमा रहने गरी सरुवा गर्नुपर्ने भएमा,

(छ) कुनै विद्यालयमा रहेको रिक्त दरबन्दीमा नगरपालिका भित्र कार्यरत शिक्षकलेसरुवा हुन चाहेर विद्यालय व्यवस्थापन समितिको सिफारिश सहित निवेदन दिएमा,

(६) एक पटक सरुवा भएको शिक्षकलाई त्यस विद्यालयमा तीन वर्ष सेवा पूरा नगरी सामान्यतः सरुवा गरिने छैन ।तर कुनै विद्यालयमा कार्यरत शिक्षक असक्त भई हाल कार्यरत विद्यालयमा रहि निजको उपचार हुन नसक्ने व्यहोरा नेपाल सरकारले तोकेमोजिमको मेडिकल बोर्ड वा चिकित्सकले सिफारिश गरेमा निजलाई जुनसुकै बखत सरुवा गर्न सकिनेछ ।

(७) स्थायी नियुक्ति भएको एक वर्ष नपुगेको शिक्षक र अनिवार्य अवकाश हुन एक वर्ष वा सो भन्दा कम अवधि बाँकी रहेको शिक्षकलाई एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गरिने छैन ।

